जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

# जोशीपुर गाउँपालिका

## गाउँ सभाको

## १४ औं अधिवेशन

### गाउँपालिका अध्यक्ष श्री चित्र बहादुर चौधरीज्यूद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

९ आषाढ, २०८२

गाउँपालिका उपाध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,

आम जोशीपुर गाउँपालिकाबासी, आमा, बुवा, दाजुभाइ, दिदीबहिनीहरु,

१. म गाउँपालिका अध्यक्षको हैसियतले जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम गाउँ सभाको १४ औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्न गइरहेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा आफ्नो अमुल्य जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

३. देश व्यापी न्युन्तम आर्थिक वृद्धिदर तथा न्युनतम आर्थिक स्रोत र साधनका बावजुत समग्र गाउँपालिकाबासीको आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर प्रदान गरि समुन्नत गाउँपालिकाको विकास गर्ने अभिभारा लिएको छु।

४. जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले जनताका इच्छा चाहना बमोजिमका कार्यक्रम ल्याउन जोशीपुर गाउँपालिका जिम्मेवार र प्रतिवद्ध छ।

५. गाउँसभा सदस्यज्यूहरु,अब म आ.ब. २०८२।०८३ को क्षेत्रगत विकास सम्बन्धि बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

भुमि ईकाइ

६. भुमि सम्बन्धि समस्या सामाधान आयोगसँग भएको सम्झौता बमोजिम जोशीपुर गाउँपालिकाको भुमि इकाईबाट जग्गा नाप जाँचको कार्य अघि बढाइएकोछ। चालु आ.ब.मा जग्गा नापजाँच गरी लालपुर्जा वितरणका कार्यहरु प्राथमिकताका साथ अगाडी बढाइनेछ।

पुर्वधार विकास

७. जोशीपुर गाउँपालिका अन्तर्गत पर्ने काढाँ नदि तटिय क्षेत्रहरुमा बर्षेनी कटान तथा डुवानले क्षतिग्रस्त स्थानमा तट्बन्ध निर्माण आयोजना सञ्चालन गरिनेछ।

८. खानेपानी क्षेत्रगत सुशासन पुर्वधार सहयोग आयोजना अन्तर्गत विश्व बैंक, संघ, प्रदेश र स्थानीय तहको सह लगानीमा जोशीपुर खानेपानी आयोजना, पटाउपुर खानेपानी आयोजना, लोखरी खानेपानी आयोजना र सार्वजनिक विद्यालय शौचालय निर्माण आयोजना सञ्चालन गरिनेछ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

९. जोशीपुर गाउँपालिका वडा नं.१ बडहरियामा निर्माणधिन रहेको कोल्ड स्टोर निर्माण गर्ने आयोजनालाई निरन्तरता दिई आगामी आ.व. मा निर्माण कार्य सम्पन्न गरिनेछ।

१०. जोशीपुर गाउँपालिका वडा नं.२ र ५ जोड्ने निर्माणधिन घैलानाला पुल निर्माण गर्ने आयोजनालाई निरन्तरता दिई समयमा निर्माण कार्य सम्पन्न गरिनेछ।

११. संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा जोशीपुर गाउँपालिका अन्तर्गत रहेका विभिन्न वडाका सडकहरुको कालोपत्रे तथा स्तरउन्नती गरिनेछ।

१२. गाउँपालिकालाई विभिन्न सडक सञ्जाल संग जोड्न विभिन्न स्थानीय बाटोहरु नक्सा बमोजिम नयाँ ट्र्याक खोल्ने पुराना बाटोहरु ग्राभेल गरी स्तरोउन्नती गरिनेछ।

## आर्थिक विकास

### कृषि

१३. गाउँपालिका भित्रका कृषकहरुले सधैं भोगीरहेको बाली सम्वन्धी समस्या सामाधान गर्न बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

१४. जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा, व्यवसायीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। अनुदानमा उन्नत बीउ, रैथाने बीउ, तरकारी किट बीऊ, कृषि औजार, यन्त्र तथा प्रविधिहरु उपलब्ध गराइनेछ।

१५. प्रदेश सरकार तथा गाउँपालिकाको सहकार्यमा कृषि उपजलाई वस्तु तथा मुद्रा विनिमयको आधारमा खरिद गरी संकलन, भण्डारण, वितरण र बजारीकरण गर्न कृषि उपज संकलन तथा भण्डारण केन्द्र स्थापना गरिनेछ।

१६. कृषि उत्पादन तथा उत्पादकत्व बढाउन बेमौसमी तरकारी उत्पादन कार्यक्रम, माटो परिक्षण कार्यक्रम, डिजिटल कृर्षि व्यवस्थापन तथा मोवाइल एप कार्यक्रम, एकीकृत कृषि बिकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१७. जोशीपुर गाउँपालिका अन्तर्गत अर्गानिक खाद्य बस्तु उत्पादन गर्न अर्गानिक मल प्रयोगमा जोड दिइनेछ।

१८. जोशीपुर गाउँपालिकाको वडा नं.१,२,३ र ४ मा किसान सुचीकरण गर्ने कार्य सम्पन्न भइ सकेको र आगामी आर्थिक बर्षमा बाँकी वडाहरुमा किसान सुचीकरण गर्ने कार्य सञ्चालन गरिनेछ।

१९. राष्ट्रिय कृर्षि कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ मा स्थापना भएको (पकेट) विकास कार्यक्रम आगामी आ.व.मा निरन्तरता दिदै सञ्चालन गरिनेछ।

२०. उत्पादन, आय आर्जन वृद्धि गर्न व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

२१.जोशीपुर गाउँपालिकालाई पशुपालन गर्ने पेशालाई व्यवसायिक बनाउन गाई भैसी स्रोत केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ।

२२.जोशीपुर गाउँपालिकाका किसानहरुको आय आर्जनमा बृद्धि गर्न व्यवसायिक पशुपालन तालिम प्रदान गरिनेछ।

२३.पशु स्वास्थ्य उपचार कार्यलाई प्रभावकारी बनाउन आधारभुत प्रयोगशालालाई थप व्यवस्थित बनाइ सेवा प्रदान गरिनेछ।

२४.पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिइ सञ्चालन गरिनेछ।

२५. पशु आहर आपुर्ती सहज बनाइ पशु तथा पशु जन्य उत्पादनमा वृद्धि गर्न उन्नत घाँस खेतिका लागि पशुपालक कृषकहरुलाई प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२६. जोशीपुर गाउँपालिका वडा नं.३ स्थित रहेको काञ्जीहाउसलाई थप व्यवस्थित वनाई सञ्चालन गरिनेछ।

२७. जोशीपुर गाउँपालिका वडा नं.२ स्थित रहेको लम्फि पार्कलाई जोशीपुरको पर्यटकीय हवको रुपमा विकास गर्न प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा स्तरोन्नती गरिनेछ।

गाउँसभा सदस्यज्यूहरु,

_सामाजिक विकास_

_स्वास्थ्य_

२८. यस जोशीपुर गाउँपालिकाका नागरिकहरुलाई थप स्वास्थ्य सेवा प्रदान गर्न नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

२९. जोशीपुर गाउँपालिकाको जन सामुदायिक स्वास्थ्य जीवन शैली अभिबृद्धि गर्न स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य घर टोलमा स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३०. सामुदाय स्तरमा नसर्ने रोग सम्वन्धी स्क्रीनिङ तथा जनचेतना कार्यक्रम आगामी आ.व.को फागुन महिनामा अभियानका रुपमा सञ्चालन गरिनेछ।

३१. जोशीपुर गाउँपालिकालाई क्षयरोग मुक्त पालिका बनाउन क्षयरोग मुक्त अभियान सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

३२.मातृ तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको निशुल्क रक्त परीक्षण, सुत्केरी गराउन गर्भवतीमहिलाहरुलाई गाउँपालिका भित्र निशुल्क एम्वुलेन्स सेवा र निशुल्क भिडियो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३३.गाउँपालिका भित्र रहेका सिकलसेल एनिमिया भएका विरामीहरुलाई निशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ।

३४.जोशीपुर गाउँपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३५.जोशीपुर गाउँपालिका वडा नं.२ स्थित जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र मुढ्ढिलाई १५ सैया अस्पतालको रुपमा स्तरोन्नती गरिनेछ।

<u>शिक्षा</u>

३६.जोशीपुर गाउँपालिकामा अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाका साथै निशुल्क माध्यमिक शिक्षाको सुनिश्चतता गरिनेछ।

३७.बालमैत्री विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चत गर्न १० बर्षे शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको साथै प्रारम्भिक बालविकास शिक्षा, बालिका तथा सामावेशी सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३८.वृहत विद्यालय सुरक्षा योजना संगै हरित विद्यालय योजना निर्माण गरि लागु गरिनेछ साथै बसाइसराईले विद्यालय शिक्षामा पारेको प्रभाव अध्ययन गरिनेछ।

३९. विपदका कारण शिक्षण सिकाइमा भएको क्षति आपुरण गर्न वैकल्पिक माध्ययमबाट शिक्षण सामाग्री निर्माण गरी अतिरिक्त कक्षाका कार्यक्रम अगाडि बढाइनेछ।

४०.शिक्षक तथा कर्मचारीलाई विद्यालयमा नियमित उपस्थित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न कार्यपालिकाबाट जनप्रतिनिधि र कर्मचारीहरु सम्मिलित संयुक्त अनुगमन टोली बनाइ निरिक्षण तथा अनुगमन गर्ने कार्य नियमित र प्रभावकारी ढंगले अगाडी बढाइनेछ।

४१.सामुदायिक विद्यालयको गुणस्तर सुधार एवंम शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा अभिवृद्धि गर्न पालिकास्तरमा विज्ञ समुह गठन गरि नविनतम प्रविधिका माध्यमबाट सम्बन्धि कक्षा अवलोकन नमुना पाठ प्रदर्शन र मेन्टरिङ जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

४२.अनौपचारिक शिक्षा तथा आजिवन सिकाईका कार्यक्रमलाई निरन्तरता दिन लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

४३.विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन तथा स्थानीय उत्पादनमा आधारित पोषण युक्त दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

४४. सामुदायिक विद्यालयमा विषयगत शिक्षक दरवन्दी र विद्यार्थी संख्याको अनुपातको आधारमा दरवन्दी मिलान गरिनेछ।

४५. विद्यार्थीहरुको शारीरिक विकास गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रममा सहभागी गराइनेछ।

४६. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको सेवा सुविधा नेपाल सरकारले आ.ब. ०८२।८३ मा प्रदान गर्ने रकममा अपुग हुने रकम स्थानीय तहको आन्तरिक स्रोतबाट व्यहोरिने गरि व्यवस्था मिलाईनेछ।

४७. विगत आ.व. मा सामुदायिक विद्यालयमा निजी स्रोत शिक्षक व्यवस्थापनका लागि छुट्याइने रकममा माध्यमिक र निम्न माध्यमिक तहमा विषयगत आवश्यकताका आधारमा दोहोरो नपर्ने गरि र प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपातका आधारमा जोशीपुर गाउँपालिकाको शिक्षा नियमावली तथा कार्यविधि बनाएर गाउँपालिका अनुदानमार्फत निजि स्रोतका शिक्षकहरुलाई व्यवस्थापन गरिनेछ।

४८. असल नागरीक उत्पादन गर्ने उद्देश्यले गाउँपालिका जनप्रतिनिधि, वडा समिति लगायत अन्य संघ संस्थाको सहकार्यमा प्रत्येक सामुदायिक विद्यालयमा सकारात्मक सोच अभियान सञ्चालन गरिनेछ।

४९. विद्यालय नक्साङ्कन गरि समायोजन गरिनेछ।

५०. जोशीपुर गाउँपालिका वडा नं. ६ सिमरी स्थित रहेको केदार सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरी तहाँबाट सञ्चालन हुने विभिन्न क्रियाकलाप तथा कार्यक्रम मार्फत शैक्षिक चेतना स्तरमा टेवा पुऱ्याइनेछ।

<u>महिला बालबालिका तथा जेष्ठ नागरिक</u>

५१. महिलाहरुको नेतृत्व विकास, सीप विकास तथा सशक्तिकरणका कार्यक्रममा विशेष जोड दिइनेछ।

५२. लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमका लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५३. लैङ्गिक समानता र सामाजिक सशक्तिकरणका कार्यक्रमहरुमा दलित, जनजाति अल्पसंख्यक र अन्य सीमान्तकृत सामुदायको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ।

५४. नीति निर्माण र बजेट विनियोजनमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागु गरिनेछ।

५५. बाल अधिकार प्रवर्द्धन, बाल संरक्षण र जनचेतना अभिवृद्धिका लागि गैर सरकारी संस्था, विद्यालय र समुदायसंग समन्वय गरी कार्यशाला रचनात्मक प्रतियोगिता र बाल क्लब गठनलाई प्रोत्साहन गरिनेछ।

५६. बालमैत्रि स्थानीय शासन अवलम्बनका लागि विभिन्न अभिमुखिकरण कार्यक्रम सञ्चालनका साथै बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

५७. किशोरीहरुलाई आत्मरक्षा तालिमसंगै जिवन कौशल यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र आत्मविश्वास अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५८. आपङ्गता भएका व्यक्तिहरुलाई सीप विकास तालिम र रोजगारीका अवसरमा प्राथमिकता दिइनेछ।

५९. गाउँपालिका स्तरिय दलित लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

<u>सरसफाइ तथा खानेपानी</u>

६०. जोशीपुर बजार र अन्य स्थानीय बजार क्षेत्रमा सरसफाई व्यवस्थित गरि स्वच्छ सफा सुग्घर गाउँपालिका बनाइनेछ।

६१. जैविक अजैविक फोहोरको पुनः प्रयोग समन्धी विभिन्न खोज तथा अन्य ठाउँको असल अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ।

<u>पञ्जिकरण तथा सामाजिक सुरक्षा</u>

६२. यस जोशीपुर गाउँपालिका भित्र हुने व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य शतप्रतिशत घटना दार्ता गराउन जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

६३. गाउँ टोलमा भत्ता वितरण केन्द्र स्थापना गरी भत्ता वितरणको कार्यलाई निरन्तरता दिदै अशक्त सामाजिक सुरक्षा लाभग्राहीको पहिचान गरि घरदैलोमै पुगी भत्ता वितरण गरिनेछ।

<u>रोजगार सेवा केन्द्र</u>

६४. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुलाई उद्यमशिलता प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

६५. रोजगार सम्वाद मञ्च तथा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

६६. बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुचना, परामर्श तथा श्रम स्वीकृति र पुनःश्रम स्वीकृति सहजीकरणलाई निरन्तरता दिइनेछ।

६७. श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गएका व्यक्ति र तिनका परिवारलाई कल्याणकारी सेवाको लागि सहजीकरणलाई निरन्तरता दिइनेछ।

६८. रोजगारीको लागि भारत तथा अन्य मुलुकमा गएका समस्यामा परेका व्यक्ति तथा तिनका घरपरिवारलाई कन्सुलर सेवा प्रवाह गरिनेछ।

६९. श्रम संसार प्रोटोकलको प्रभावकारी तरिकाले सञ्चालन गरिनेछ।

७०.विभिन्न तालिम प्रदाय संस्थाहरु संग समन्वय गरी लागत साझेदारीमा सीपमुलक तालिम सञ्चालन गरनेछ।

७१.गाउँपालिकाको लागत साझेदारीमा रोजगारमुलक आयोजना र कृषि क्षेत्रमा उत्पादनमुलक आय आर्जनको क्रियाकलाप सञ्चालन गरी बेरोजगारको सुचीमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई न्युन्तम रोजगारी प्रदान गर्ने कार्य निरन्तरता गरिनेछ।

गाउँसभा सदस्यज्यूहरु,

*बन वातावरण तथा विपद व्यवस्थापन*

७२.बहु प्रकोपिय पुर्व सुचना प्रणाली (SIREN) स्थापनाका लागि अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय तथा सहाकार्य गरि स्थापना गर्न जोड दिइनेछ।

७३.गाउँपालिका स्तरिय तथा वडास्तरिय विपद् व्यवस्थापन समितिहरुलाई सक्रिय/क्रियासिल बनाउन पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

७४.विपद तथा स्वास्थ्य सम्वन्धी महामारी बाट बच्न पुरव तयारीका (SIMULATION) जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

७५.Reconstruction –MIS सम्वन्धि प्राविधिकहरुलाई तालिमको व्यवस्था गरिनेछ।

७६. विद्यालयस्तरमा विपद् व्यवस्थापन सम्वन्धी क्रियाकलाप गरिनेछ।

७७. जोशीपुर गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बन तथा गाउँपालिकाको सहकार्यमा हरियो विरुवा लगाउने बिभिन्न अभियान कार्यक्रम सञ्चालन गरि हरियो जोशीपुरको रुपमा परिचित गरिनेछ।

गाउँसभा सदस्यज्यूहरु,

*संस्थागत विकास, सेवा प्रवाह र सुशासन*

७८.राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्रास गर्न प्रभावकारी व्यवस्था गरिनेछ।राजश्व र कर लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडाकार्यालयलाई बजेट विनियोजनमा सूचकको आधार लिईबआगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

७९.गाउँपालिकाका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गरि सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाइनेछ।

८०.स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, गुनासो व्यवस्थापन जस्ता पारदर्शिता अभिबृद्धि गर्ने कार्यहरु सञ्चालन गरिनेछ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

<u>कानुन तथा न्यायिक समिति</u>

८१. न्यायिक समिति सुचना व्यवस्थापन प्रणाली सम्वन्धी सफ्टवेयरको माध्यमबाट अनलाइन विवाद दर्ता, तारेख दर्ता गराउने, पेशी विवरण हेर्ने, मेलमिलाप कर्ताहरुको विवरण, ऐन, नियम, लगायतका विषयमा जानकारी उपलब्ध हुने कार्यलाई अगाडी बढाइनेछ।

८२. विवाद मिलापत्र गराएबापत मेलमिलाप कर्ताहरुलाई परिश्रमिक उपलब्ध गराइनेछ।

८३. न्यायिक समितिबाट सम्पादन भएका विवादका पक्षहरुको सन्तुष्टि मापन गरि सरोकारवालाहरुसंगको परामर्शबाट न्यायिक समितिलाई थप प्रभावकारी बनाइनेछ।

अन्त्यमा, स्थानीय तहको सरकारको हैसियतले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने मौका प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, आम गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद!

२०८२/०३/०९

चित्र बहादुर चौधरी
अध्यक्ष

**चित्र बहादुर चौधरी**
**गा.पा.अध्यक्ष**